# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

## पदपूर्ति सम्वन्धि सूचना

### सूचना प्रकाशित मिति : २०८१ भदौ १३ गते

प्रतिष्ठानको रिक्त निम्न अधिकृत पदहरूमा ३ महिनाको लागि मासिक पारिश्रमिकमा पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिएको छ ।

<table>
<tr><th>विज्ञापन.नं.</th><th>पद</th><th>सेवा</th><th>पद सङ्ख्या</th><th>शैक्षिक योग्यता</th><th>उमेर</th></tr>
<tr><td>१।०८१।८२</td><td>बजार अधिकृत, अधिकृत तृतिय</td><td>विविध</td><td>१</td><td rowspan="2">मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापन विषयमा स्नातक उत्तीर्ण</td><td rowspan="5">२१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।</td></tr>
<tr><td>२।०८१।८२</td><td>तालिम अधिकृत, अधिकृत तृतिय</td><td>विविध</td><td>१</td></tr>
<tr><td>३।०८१।८२</td><td>प्रशासन अधिकृत, अधिकृत तृतिय</td><td>प्रशासन</td><td>१</td><td rowspan="2">मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण</td></tr>
<tr><td>४।०८१।८२</td><td>योजना अधिकृत, अधिकृत तृतिय</td><td>प्रशासन</td><td>१</td></tr>
<tr><td>५।०८१।८२</td><td>प्रशासन सहायक, तह ४</td><td>प्रशासन</td><td>१</td><td>मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरह उत्तीर्ण</td></tr>
</table>

**(क) दरखास्त सम्बन्धी विवरण :**

१. दरखास्त पाइने स्थान : प्रशासन शाखा, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान वा www.iedi.org.np वाट download गर्न सकिने ।

२. दरखास्त बुझाउनुपर्ने अन्तिम मिति : दरखास्त आव्हानको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वर, काठमाडौं । सो दिन बिदा परेमा त्यसको भोलीपल्ट ।

३. दस्तुर : अधिकृत तहको लागि रु. १०००।- (एक हजार) र सहायक तहको लागि रु ५००।- (पाँच सय) नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा प्रतिष्ठानको नाममा रहेको खाता नं. ०३२०१०४०२५३३०७ मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ ।

४. सम्पर्क मिति : सूचना प्रकाशित भएको १७ औं दिन, सो दिन बिदा परेमा त्यसको भोलीपल्ट ।

**(ख) परीक्षाको किसिम**

१. अधिकृत पदको परीक्षाको किसिम प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ । सहायक पदको परीक्षाको किसिम प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने छ ।

२. अधिकृत पदको उम्मेद्वारले ५० पूर्णाङ्कको पाठ्यक्रममा तोकिएका विषयमध्ये गोला प्रथाबाट छानिएको कुनै एक विषयमा बढीमा ३० मिनेटको प्रस्तुतीकरण गर्नुपर्ने छ । न्यूनतम ४० वा सो भन्दा वढी अंक प्राप्त गरेका उम्मेदवारको नामावली अन्तरवार्ताका लागि योग्यताक्रमको आधारमा प्रकाशित गरिने छ ।

३. सहायक पदको उम्मेदवारलाई ५० पूर्णाङ्कको कम्प्युटर सम्वन्धि (MS-office र नेपाली टाईपिङ) प्रयोगात्मक परिक्षा लिईने छ । न्यूनतम ४० वा सो भन्दा वढी अंक प्राप्त गर्ने उम्मेदवारको नामावली अन्तरवार्ताको लागि योग्यताक्रमको आधारमा प्रकाशित गरिने छ ।

४. प्रस्तुतीकरणमा र कम्प्युटर प्रयोगात्मक परिक्षामा सफल हुने उम्मेदरवारहरुको नामावली र अन्तर्वार्ताको मिति र समय प्रतिष्ठानको website र सूचना पाटीमा प्रकाशित गरिनेछ ।

. **(ग) पाठ्यक्रम**

**I. बजार अधिकृत र तालिम अधिकृतको लागि:**

(क) नेपालमा उद्योग व्यवसायको विकास र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको भूमिका
(ख) नेपालमा युवा स्वरोजगारको समस्या र उद्यमशीलता
(ग) स्टार्ट अप व्यवसाय र यसको महत्व

(घ) व्यवसाय सम्वर्द्धन केन्द्र र यसका चूनौतीहरु
(ङ) नेपालको उद्योग व्यवसायमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय संघसंस्थाहरू र तिनीहरुको भूमिका
(च) नेपालमा सम्भावित उद्योग व्यवसायका क्षेत्रहरु
(छ) उद्यमी व्यवसायी हुन चाहिने आवश्यक गुणहरू र सामाजिक उत्तरदायित्व
(ज) नेपालको उद्योग व्यवसायका क्षेत्रमा काम गरिरहेका राष्ट्रियस्तरका संस्थाहरूको परिचय
(झ) स्थानिय तहमा उद्योग व्यवसाय विकासका लागि अवलम्वन गर्नुपर्ने उपायहरु

## II. योजना अधिकृत र प्रशासन अधिकृत

(क) नेपाली उद्योग व्यवसायहरूमा देखा परेका व्यवस्थापकीय समस्या र समाधान
(ख) व्यवस्थापनका सिद्धान्त र यसका नविनतम अवधारणाहरु
(ग) संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व
(घ) व्यवस्थापकीय सीप र शैलीहरु,
(ङ) मानव संशाधन विकासको रणनीति र संगठनात्मक स्वरुप,
(च) व्यवस्थापनमा जवाफदेहिता, व्यवसायिकता र समाजिक उत्तरदायित्व
(छ) परियोजना कार्यान्वयन, अनुगमन र मुल्यांकन
(ज) परियोजना व्यवस्थापनमा जोखिम व्यवस्थापन र न्युनिकरणका उपायहरु
(झ) योजना तर्जुमा गर्दा अवलम्न गर्नुपर्ने विधि

## (घ) दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरू

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रमाणित प्रतिलिपी
(ख) सम्वन्धित पदको लागि तोकिएको दस्तुर बुझाएको बैङ्क भौचर
(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (तालिम र अनुभव समेत)
(घ) अन्तर्वार्ताको दिन उम्मेदवारले आफ्नो सक्कल प्रमाणपत्र र एकप्रति नक्कल सहित उपस्थित हुनुपर्ने छ ।